# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३७) काठमाडौं, असोज २६ गते २०४४ साल (संख्या २५

## भाग ३

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारले विशेष अदालत ऐन, २०३१ को दफा ६ को उपदफा १(ग) ले दिएको अधिकार प्रयोग गरी देहायको आदेश जारी गरेको छ ।

खण्ड ३६, मिति २०४३।१०।१५ अतिरिक्ताङ्क ४४ (आ) को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचना बमोजिम गठित (क) झापा जिल्ला वनक्षेत्र सुदृढीकरण सम्बन्धी विशेष अदालत (ख) मोरङ, सुनसरी जिल्ला वनक्षेत्र सुदृढीकरण सम्बन्धी विशेष अदालत (ग) सर्लाही जिल्ला वनक्षेत्र सुदृढीकरण सम्बन्धी विशेष अदालत (घ) मकवानपुर, चितवन जिल्ला वनक्षेत्र सुदृढीकरण सम्बन्धी विशेष अदालत (ङ) नवलपरासी जिल्ला वनक्षेत्र सुदृढीकरण सम्बन्धी विशेष अदालत (च) रूपन्देही जिल्ला वनक्षेत्र सुदृढीकरण सम्बन्धी विशेष अदालत (छ) कपिलवस्तु जिल्ला वनक्षेत्र सुदृढीकरण सम्बन्धी विशेष अदालत (ज) दाङ जिल्ला वनक्षेत्र सुदृढीकरण सम्बन्धी विशेष अदालत (झ) बाँके, बर्दिया जिल्ला वनक्षेत्र सुदृढीकरण सम्बन्धी विशेष अदालत (ञ) कैलाली जिल्ला वनक्षेत्र सुदृढीकरण सम्बन्धी विशेष अदालत र (ट) कन्चनपुर जिल्ला वनक्षेत्र सुदृढीकरण सम्बन्धी विशेष अदालतको कार्यावधि समाप्त भएको मितिले ६ महिनासम्म थप गरिएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।